बैठक संख्या : ०८२/०८३/6

आज मिति २०८२/०८/२९ गते सोमबारका दिन यस माथागढी गाउँपालिकाका अध्यक्ष श्री यम बहादुर चिदी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय लिनका लागि गाउँ कार्यपालिकाको बैठक बसियो ।

समय : बिहान :८.०० बजे ।

स्थान : गाउँ कार्यपालिका भवन, झडेवा, पाल्पा ।

उपस्थिति :

| सि.न. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री यम बहादुर चिदी | अध्यक्ष | |
| २. | श्री विष्णु माया लुङ्गचे | उपाध्यक्ष | |
| ३ | श्री राजकुमार पन्थी | सदस्य | |
| ४. | श्री बोम बहादुर ठाडा | सदस्य | |
| ५. | श्री तेज बहादुर घर्ति मगर | सदस्य | |
| ६ | श्री शंकर दर्लामी | सदस्य | |
| ७. | श्री गणेशमान गाहा | सदस्य | |
| ८. | श्री युव बहादुर ठाडा मगर | सदस्य | |
| ९. | श्री जग बहादुर दर्लामी | सदस्य | अनुपस्थित |
| १०. | श्री दिल बहादुर ढेगा | सदस्य | |
| ११. | श्री तुलसा न्यौपाने | सदस्य | |
| १२. | श्री मगली कुमाल | सदस्य | |
| १३. | श्री रुकुमी सुनारी | सदस्य | |
| १४. | श्री लिला सरा चिदी | सदस्य | |
| १५. | श्री पुर्ण बहादुर सुनार | सदस्य | |
| १६. | श्री भिम कुमारी परियार | सदस्य | |
| १७. | श्री सुन्दर प्रसाद श्रेष्ठ | सचिव | |
| | आमन्त्रित: | | |
| १८. | श्री जित कुमारी ढेगा | | |
| १९. | श्री सन्तोष दाहाल | प्र.अ. | |
| २०. | देवी स्वरा झाले | का.स. | |
| | | | |
| | | | |

## कार्यपालिकाको सातौं बैठकको प्रस्ताव तथा निर्णयहरुः-

मिति २०८२/०८/२९

प्रस्तावहरुः-

१. अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।

२. गाउँसभाको १८ औं अधिवेशन बैठक सम्बन्धमा।

३. ISO प्रमाणीकरण कार्यहरुको लागि बजेट साझेदारी सम्बन्धमा।

४. जल्पादेवी प्रा.वि.को भवन निर्माण कार्यको बजेट साझेदारी सम्बन्धमा।

५. खानेपानी योजना कार्यन्वयनको लागि रकम पठाउने सम्बन्धमा।

६. राहत रकम सम्बन्धमा।

७. पालेपहरा भत्ता सम्बन्धमा

निर्णयहरुः-

१. गाउँकार्यपालिकाको यस अघिको बैठकबाट भएका निर्णय कार्यान्वयन सम्बन्धमा बैठकमा छलफल गरियो। कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरु शिघ्र कार्यान्वयन गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

२. माथागढी गाउँपालिकाको गाउँसभाको १८ औं अधिवेशन मिति २०८२/०९/२२ गते गाउँपालिकाको सभाहलमा आयोजना गर्ने सर्वसम्मतिले गरियो। गाउँसभाको अधिवेशनमा निर्णयार्थ पेश गर्नु पर्ने योजना संशोधन, रकमान्तर लगायत अत्यावशयक विषय कार्यपालिको बैठकमा पेश गर्ने गराउने सर्वसम्मतिले निर्णय गरियो।

३. दिव्यज्योती मा.वि.लाई अन्तराष्ट्रिय गुणस्तर ISO प्रमाणीकरणका लागि कार्यक्रम संचालन गर्न विद्यालयबाट पेश भएको अनुमानित लागत रु.१३६००००/- को ५०% रकम रु.६८००००/- साझेदारी कार्यक्रमबाट व्यहोर्ने गरी सम्झौता गरी उक्त कार्यक्रम संचालन गर्ने सर्वसम्मतिले निर्णय गरियो।

४. माथागढी गाउँपालिका वडा नं.३ मा रहेको जल्पादेवी प्रा.वि. सिलङ्गीको दुई कोठे भवन निर्माणको लागि लागत अनुमानको रु.१७०००००/- को ६०% रकम रु.१००००००/- गाउँपालिकाबाट साझेदारी गर्ने सर्वसम्मतिले निर्णय गरियो।

५. यस माथागढी गाउँपालिकाको वडा नं. १ र ८ मा संचालन हुने दोहायका योजनामा लुम्बिनी प्रदेश सरकार र गाउँपालिकाबाट विनियोजन भएको बजेट रकम खानेपानी तथा सरसफाई कार्यालय तानसेन, पाल्पाबाट कार्यान्वयन गर्न पत्रचार गरी बमोजिम स्वीकृत भई आएकोले

गाउँपालिकाबाट विनियोजित रकम खानेपानी तथा सरसफाई कार्यालय तानसेन, पाल्पालाई पठाउने सर्वसम्मतिले निर्णय गरियो।

| क.स | आयोजनाको नाम | स्थान | प्रदेश सरकारबाट विनियोजन रकम | स्थानीय सरकारबाट विनियोजन रकम |
|---|---|---|---|---|
| १ | जाउपोखरा खा.पा योजना | माथागढी-१ | २५ लाख | १० लाख |
| २ | वेतिनी खा.पा | माथागढी-८ | ९ लाख | १२ लाख |

६. आर्थिक अवस्था कमजोर भई जटिल प्रकारको रोगबाट पिडित भएका व्यक्तिहरुलाई देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मतिले निर्णय गरियो।

| क.स | नाम, थर | ठेगाना | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ओम बहादुर ढेंगा | माथागढी-१, चिदीपानी | गोठमा आग लागि भई छेती | १०००० |
| २ | ओम प्रकास भट्टराई | माथागढी-६ | मोटरसाईकल दुर्घटना | १०००० |
| ३ | कमला राना | माथागढी-१, वधवारी | पक्षघात बिरामी | १५००० |

७. २०८२ को दशैं र तिहार बिदामा पालेपहराको लागि यस कार्यालयमा खटाईएका नगर प्रहरीलाई निजले पाउने एक दिनको तलब बराबरको भत्ता खटिए बमोजिम दिनको दिने सर्वसम्मतिले निर्णय गरियो।